फोन नं.:- ०९१-५०८००१
ईमेल :- mungodawari@gmail.com
वेभसाईट:www.godawarimunkailali.gov.np

# गोदावरी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

## नयाँ बर्ष २०७७ को शुभकामना संन्देश

आज विश्वजगत कोरोना भाईरस (कोभिड १९) को संक्रमणको तिब्र फैलावटका कारण असहय् पिडामा आक्रान्त बनेको छ । अत्यन्त ब्यबस्थित जनस्वास्थ्यका संरचना, नवीन औजार उपकरण, सहज र गुणस्तरीय औषधीको उपलब्धतता भएका शक्तिशाली विकसित राष्ट्रहरु पनि कोरोना भाईरससंगको लडाई लड्दै गर्दा थकित र आजित बनेका छन । हाम्रो जस्तो विकासोन्मुख देश भर्खरै राजनीतिक परिवर्तनको अध्याय पश्चात विकासको क्षेत्रमा बामे सर्दै गरेको यस घडिमा नेपालमा पनि १२ जनामा संक्रमण देखिनु चिन्ताजनक छ । नीडर र उच्च मनोबल भएका हामी नेपाली, त्याग र सर्मपणको भावनाबाट ओतप्रोत चिकित्सक, स्वास्थ्यकर्मी, ,सुरक्षाकमी तथा सरोकारवाला हाम्रा धरोहर हुन । सबै मिलि  विश्व स्वास्थ्य संगठनले सिफारिस गरेका सुझाब तथा तथ्यहरु र नेपाल सरकारबाट निर्देशित सुचना तथा संन्देशहरुको  उच्चतम् प्रयोग गरि  यस संक्रमण लाई दोस्रो चरण बाटै रोक्न अपरिहार्य देखिन्छ । बिश्वास छ हामी यो महामारी बिरुद्धको  युद्ध अवश्य जित्नेछौ।

आदरणीय गोदावरी नगरवासी दिदीबहीनी तथा दाजुभाईहरु ! हामी उच्च सर्तकता अपनाउनु पर्ने भुगोलमा छौ, सुदूरपश्चिमको प्रमुख प्रवेशद्धार रहेको बजार क्षेत्र हाम्रै नगरपालिकामा छ , छिमेकी जिल्ला र नगरपालिकाहरुमा कोरोनाको संक्रमण पुष्टि भैसकेको परिबेश हाम्रो सामु छर्लंग छ । सामाजिक दुरी, ब्यक्तिगत सरसफाई र ब्यबस्थित एकान्तबासले मात्र हामी संक्रमणको जोखिम बाट बच्न सक्दछौ । सरकारद्धारा निर्देशित नीति नियमहरु सबैले पालना गरि दिन हुन बिनम्र अनुरोध गर्दछु ।

जनताकोमत बाट अनुमोदित स्थानीय सरकार आम नगरवासीहरुको स्वास्थ्य प्रति सचेत र शंबेदनशील छ । यस महामारीसंग जुध्ने तयारीमा जुटिरहेको छ । कोहि पनि ब्यक्ति औषधि उपचार बिना अकालमै ज्यान गुमाउनु नपर्ने अबस्थाको प्रतिबद्य गर्दछौ । दैनिक ज्याला मजदुरी गरि खाने बर्ग कोही पनि खाध्यान्न बिना भोकै बस्न नदिने प्रतिबद्यता ब्यक्त गर्दछौ । आकष्मिक रुपमा देखा पर्ने यस्ता महामारी कुनै एक्लैको प्रयासले समाधान गर्न सकिदैन सबैले आ आफ्नो ठांउबाट सहयोग गर्नु नै पर्दछ । साझा रुपमा सबै उत्तरदायी बनौ भन्ने अपिल गर्न चाहन्छु ।

अन्तमा, अहिले सम्म सरकारको निर्देशन पालना गरि लक डाउन लाई सफल पार्नुभएकोमा, अफठ्यारो परिस्थितिलाई पनि सहजताका साथ अनुशरण गरी उच्च धैर्यता प्रस्तुत गर्नु भएकोमा सम्पुर्ण नगरबासिहरुलाई हार्दिक धन्यबाद ब्यक्त गर्दछु। साथै आफ्नो ज्यान जोखिममा राखी सेवामा तल्लीन सर्म्पुण चिकित्सक, स्वास्थ्यकर्मी ,सुरक्षाकर्मी, जनप्रतिनिधि , संचारकर्मी, निजि तथा सामुदायिक अस्पताल, क्लिनिक, राहत कोषमा सहयोग गर्ने सम्पुर्ण दाताहरु , खाध्यान्न आपुर्ति गर्ने आपूर्तिकर्ता, यस नगरपालिकाको RRT  टिम तथा पि. पि.ई. लगायत अन्य स्वास्थ्य सामाग्री उपलब्ध गराई सहयोग गर्ने नेपाल सरकारका उधोग तथा आपुर्ती मन्त्री तथा यस क्षेत्रबाट प्रत्येक्ष निर्वाचित सांसद मा.लेखराज भट्ट ज्यू  लगायत सबै सहयोगिहरु लाई उच्च सम्मान प्रकट गर्दछु र निरन्तर सहयोगको अपेक्षा गरेको छु । साथै आउदै गरेको नब बर्ष २०७७ साल हाम्रो बिजयको बर्ष बनोस , सबैको घरमा सुख, शान्ति, समृद्धि छाओस र आपसि भाईचारा कायम होस भन्ने हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

हरि सिंह साउद
नगर प्रमुख